# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ०५ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- भारत र फिलिपिन्सले द्विपक्षीय सहयोगलाई रणनीतिक साझेदारीमा रुपान्तरण गर्न सहमत भएका छन्।

- भाजपा विधायक अनि राज्य विधानसभामा विपक्षी नेता सुभेन्दु अधिकारी र उनको लश्कर माथि कूचबिहारको खागराग्राम मोड़मा हमला भएको घटना प्रकाशमा आएको छ।

- सिलगढीको हाकिमपाडामा डुवर्सकी छात्राहरूसित दुर्व्यवहार तथा जाति सुचक अभद्र टिप्पणी गर्ने दुई स्थानीय महिलाहरूलाई सिलगढी पुलिसले आज पक्राउ गरेको छ।

- पश्चिम बङ्गाल सरकारले राज्य संचालित र अनुदान प्राप्त कलेजहरूमा स्नातक पाठ्यक्रमहरूको लागि केन्द्रीकृत प्रवेश पोर्टलको अन्तिम समय आज मध्यराती १२ बजे सम्मका लागि बढाएको छ।

- **खरसाङ खण्ड अन्तर्गत गाडीधुरा नवदीप परिवारद्वारा आगमी २५ अगस्त को दिन ८१ औं बलिदान दिवस पालन गरिनेछ।**

**<u>भारत- फिलीपींस आपसी सहयोग</u>**

भारत र फिलिपिन्सले द्विपक्षीय सहयोगलाई रणनीतिक साझेदारीमा रुपान्तरण गर्न सहमत भएका छन्। विदेश मन्त्रालयका सचिव पेरियासामी कुमारनले प्रधानमन्त्री नरेन्द्र मोदी र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोसले द्विपक्षीय वार्तामा उन्नत रणनीतिक साझेदारी अन्तर्गत सहयोगका लागि बर्ष २०२५–२०२९ को कार्ययोजनालाई अन्तिम रुप दिएको जानकारी दिनुभयो । श्री कुमारनले भारत र फिलिपिन्स बीच विभिन्न क्षेत्रमा १४ वटा सम्झौता पत्रमा हस्ताक्षर भएको जानकारी दिनुभयो। उहाँले अझ भन्नुभयो -, "यी सम्झौताहरूमा आपराधिक मामिलामा पारस्परिक कानूनी सहायता सन्धि, सजाय पाएका व्यक्तिहरूको स्थानान्तरण सम्बन्धी सन्धि, भारत-फिलिपिन्स अधिमान्य व्यापार सम्झौताका नियम र शर्तहरू, सेवाका शर्तहरू, सेना, वायु सेना र नौसेना र तटरक्षकबीच राम्रो सहयोग समावेश छन्। श्री कुमारनले आगामी महिनाहरूमा भारत र फिलिपिन्सबीच सिधा उडान सुरु हुने सम्भावना रहेको बताउनु भयो। भारतले फिलिपिन्सका नागरिकहरुका लागि निःशुल्क ई–टुरिस्ट भिसाको घोषणा गरेको छ। फिलिपिन्सले भारतीय पर्यटकहरुका लागि १४ दिनसम्म का लागि भिसा रहित प्रवेश सुविधा सुरु गरेको कुमारनले बताउनु भएको छ । द्विपक्षीय वार्ताको क्रममा दुवै नेताले बढ्दो रक्षा सहयोगलाई थप मजबुत बनाउन सहमति जनाएका छन्। उहाँले द्विपक्षीय व्यापारमा भएको निरन्तर वृद्धिको पनि प्रशंसा गर्नुभएको छ ।

**<u>भाजपा विधायक -हमला</u>**

भाजपा विधायक अनि राज्य विधानसभामा विपक्षी नेता सुभेन्दु अधिकारी र उनको लश्कर माथि कूचबिहारको खागराग्राम मोड़मा झण्डै दुई हजार भन्दा अधिक टीएमसी समर्थकहरूले आज दिउसो हमला गरे। उनको वाहन तथा उनलाई इस्कोट गरेको पुलिस वाहनमाथि तोडफोड गरिएको छ। श्री अधिकारीको सुरक्षा कर्मीहरूको तत्परताले सुभेन्दु अधिकारीलाई कुनै गम्भीर चोट लागेन तर उनको गाड़ीका शिशाहरूलाई पूर्ण रूपले तोडिएको छ।

<u>Byte-अशोक चौरासिया</u>

**<u>उत्तरखंड -बाड -पहिरो</u>**

उत्तराखण्डको उत्तरकाशी जिल्लाको धाराली क्षेत्रमा बादल फाटे पछि ठूलो क्षति भएको छ ।प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीसँग उत्तरकाशीको धारालीमा बादल फाटे पछिको स्थितिको समीक्षा गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले प्रभावित मानिसप्रति समवेदना प्रकट गर्नुहुदै उनीहरुको कुशलताको कामना गर्नुभएको छ ।केन्द्रीय गृहमन्त्री अमित शाहले पनि उत्तराखण्डका मुख्यमन्त्री पुस्कर सिह धामीसित उत्तरकाशीको धारालीमा आएको बाढको सम्बन्धमा जानकारी लिनुभएको छ ।

**राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज हुगली जिल्लाको गोघाटस्थित बाढ राहत शिविरको भ्रमण गर्नुभयो ।।लगातारको वर्षा र डिभीसीको पानी छोड्दा हुगलीका धैरै क्षेत्र जलमग्न भएका छन् । आज को मुख्यमन्त्री सड़क मार्ग हुदै आरामबाग पुग्नुभयो र बाढ़को स्थिति को निरीक्षण गर्नुभयो । उहाँले गोघाटको राहत शिविरमा बाढी पीडितहरूलाई खाना खुवाए र पछि कमरपुकुर र अन्य प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो ।

**सिलगढ़ी-घटना -पक्राउ**

सिलगढीको हाकिमपाडामा डुवर्स की छात्राहरूसित दुर्व्यवहार तथा जाति सुचक अभद्र टिप्पणी गर्ने दुई स्थानीय महिलाहरूलाई सिलगढी पुलिसले आज पक्राउ गरेको छ। यस घटनाको अनुसंधान स्वयं एसीपीले गरि रहेका छन्। अनुसंधान पछि कानूनी कारवाही गरिनेछ पुलिसले बताएको। पीडित छात्रा अनुसूचित जातिकी रहेको तथा जाति सूचक टिप्पणी र प्रताड़ित गरिएको आरोप छात्राले लगाएकी छन्। यस बारे सिलगढी थानामा एउटा एफआईआर छात्राले दायर गराएकी थिन। सामाजिक संजालमा छात्रा अनि आरोपीहरू विरूद्धको वादविवाद भाइरल भएपछि पहाड़का प्रयः सबै दल, संघ संस्थाने दोषीलाई दण्डित गर्ने माग गरेका थिए। सिलगढीमा सबै भाषाभाषी र जातगोष्ठी सौहार्द पूर्ण ढंगमा बसोबास गर्दै आएको र यस प्रकारका घटनाले सौहार्दलाई बिथोल्ने छ भनि सबैको भावना रहेकोछ। दार्जिलिंगका भाजपाका लोकसभा सांसद राजु बिष्ट तथा राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले पनि पुलिस आयुक्त सित यस घटनाको निष्पक्ष जाँच र दोषीलाई दण्डित गर्ने माग गरेका छन्। जीटीए प्रमुख कार्यपाल अनित थापाले पनि पिलिस आयुक्त सुधाकर रावलाई निष्पक्ष जाँच गरि कानूनी कारवाही गर्ने तथा पीडित छात्राहरूलाई सुरक्षा प्रदान गर्ने माग गरेका छन्।

**खरसाङ- गाडीधुरा- बलिदान दिवस**

खरसाङ खण्ड अन्तर्गत गाडीधुरा नवदीप परिवारद्वारा आगमी २५ अगस्त को दिन ८१ औं बलिदान दिवस पालन गरिने भएको छ। यस विषयमा जानकारी गराउँदै क्लबका अनुप रामुदामुले गोर्खा स्वतन्त्रता सेनानी शहिद मेजर दूर्गा मल्ललाई अंग्रेज शासकद्वारा फाँसी दिइएको दिनलाई स्मरण गर्दै श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिने बताउनु भयो । उक्त दिन गाडीधुरा बजारमा अवस्थित शहीद मेजर दुर्गा मल्लको शालिगमा श्रद्धाञ्जली अर्पण तथा गाडीधुरा सार्वजनिक भवनमा रक्तदान सिशिरको आयोजना सहित खुल्ला कविता वाचन प्रतियोगिता सम्पन्न हुने थप जानकारी प्राप्त भएको छ ।

**अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ -अनित थापा**

अखिल भारतीय गोर्खा विद्यार्थी महासंघ तीनधारे महानदी समष्टिको एक प्रतिनिधि टोलीले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापासित भेट गर्दै क्षेत्रको विभिन्न समस्याहरु विषय चर्चा गरेका छन् । उक्त प्रतिनिधि टोलीले घैयाबारी अस्पतालमा फार्मसिस्टको अभाव विषयमा ज्ञापन दिदै जनसाधारणले भोगिरहेको समस्याको चाडै पहल गर्ने निवेदन गरेका छन्।

**पश्चिम बंगालका विधानसभा- विशेष गहन पुनरीक्षण**

पश्चिम बंगालका विधानसभा क्षेत्रहरूको वर्ष 2002- को विशेष गहन पुनरीक्षण एसआईआर मा राज्यका चार वटा विधानसभा क्षेत्रहरूको सूची रेकर्डबाट हटेको छ जसमा बीरभूम जिल्लाका मुराराई, रामपुरहाट, रेजीनगर तथा दक्षिण 24 परगना जिल्लाको कुलपी सामेल छन्।मुख्य निर्वाचन अधिकारी कार्यालयका एक जना अधिकारीले आज यस आशयको पुष्टि गर्दै बताए,

यी सूचीहरू 23 वर्ष अगाड़िको हो जसलाई संरक्षण गरेर राख्नुपर्थ्यो। यदि अनुसन्धान गर्दा पनि सूची पाइएन भने विकल्पको रूपमा वर्ष 2003-को प्रारम्भिक सूची जारी गरिनेछ।राज्यका मुख्य चुनाउ अधिकारी मनोज कुमार अग्रवालले सम्बन्धित जिल्लाका जिल्लापालहरूलाई चाँड़ै यी सूचीहरूको बारेमा पत्तो लगाउने निर्देश दिनुभएको छ । पश्चिम बंगालमा अहिलेसम्ममा 11 वटा जिल्लाको 100 भन्दा अधिक विधानसभा क्षेत्रहरूको सूची जारी भइसकेको छ भने रहल जिल्लाहरूको सूची यसै हप्ताभित्रमा प्रकाशित हुने सम्भावना रहेको छ।

## पश्चिम बंगाल सरकार- स्नातक पाठ्यक्रम -केन्द्रिकृत प्रवेश पोर्टल

पश्चिम बङ्गाल सरकारले राज्य संचालित र अनुदान प्राप्त कलेजहरूमा स्नातक पाठ्यक्रमहरूको लागि केन्द्रीकृत प्रवेश पोर्टलको अन्तिम समय आज मध्यराती १२ बजेसम्मका लागि बढाएको छ। यो निर्णय ओबीसी श्रेणीको अद्यावधिकलाई ध्यानमा राख्दै लिइएको हो। राज्यको प्रवेश पोर्टल १७ जुलाई देखि सुरु गरिएको थियो, तर कलकत्ता उच्च न्यायालयले राज्यको संशोधित ओबीसी सूचीमाथि रोक लगाएपछि यो प्रक्रिया अड्चन देखा परेको थियो। मुख्य सचिव मनोज पन्तले सामाजिक श्रेणी विवरण बुझाउने वा अपडेट गर्ने आज राति १२ बजेसम्म समय तोकिएको जानकारी दिनुभएको छ । यस पटक पोर्टलमा १७ विश्वविद्यालयबाट सम्बन्ध कुल ४६० राज्य संचालित र राज्य-सहायता प्राप्त कलेजहरू समावेश छन्।

## आर.जी. कर मेडिकल कॉलेज - कोलकाता पुलिस समन

आरजी कार मेडिकल कलेजमा भएको बलात्कार र हत्याको घटनाको पहिलो वर्ष पुग्न लागेको बेला कोलकाता पुलिसले गत वर्षको यस मुद्दालाई लिएर सशक्त आन्दोलनको नेतृत्व गरेका धेरै डाक्टरहरूलाई समन पठाएको छ। संयुक्त डाक्टर , पश्चिम बङ्गाल र अन्य चिकित्सक संगठनहरूले ९ अगस्तको दिन यस घटनाको बर्ष दिनमा विशाल विरोध कार्यक्रम आयोजना गर्ने योजना बनाइरहेका बेला यो कदम चालिएको बताइएको छ ।

****** ० ******